फोन : ५५२३४५२
५५२१५०२
इमेल : csiolalitpur@gmail.com

बागमती प्रदेश सरकार

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

# उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय,ललितपुर

प.सं. २०८३/०८४

पाटन औद्योगिक क्षेत्र, ललितपुर

## प्रविधि हस्तान्तरण प्रस्ताव आव्हान सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः-२०८३/०७/१३

यस उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय, ललितपुरको आ.व २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण (उद्यमिको ५० प्रतिसत लगानी साझेदारी) एवम् तपशिल बमोजिमका प्रविधि हस्तान्तरण सम्बन्धि कार्यक्रमहरुमा बजेट विनियोजन भएको छ । उल्लेखित कार्यक्रम अन्तर्गत उद्यमीको ५० प्रतिशत लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यविधि २०८१ को अधिनमा रही उपयुक्त प्रविधि (मेसिन, औजार, उपकरण) हस्तान्तरण गर्ने कार्यक्रम रहेकोले सूचना प्रकाशन भएको ३० दिनभित्र (मिति २०८३/०८/१२ गते, उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) कार्यालय समयभित्र आवश्यक कागजातसहित यस कार्यालयमा रितपूर्वक निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| कार्यक्रमको नाम | आवश्यक कागजातहरु |
|---|---|
| 1.3.5.76डल्लो साबुन,सर्फ, हारपिक, फिनेल उत्पादन तालिम तथा प्रविधि हस्तान्तरण गोदावरी -३ | ➢ उद्योग दर्ता/ नवीकरण प्रमाणपत्रको प्रतिलिपी<br>➢ नागरिकताको प्रतिलिपी<br>➢ प्यान दर्ता र अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी<br>➢ अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपी<br>➢ माग गरेको मेसिन उपकरणहरुको स्फेसिफिकेशन सहित प्रचलित बजार मूल्य खुल्ने कागजात ।<br>➢ समावेशी समुह भए प्रमाणपत्रको प्रतिलिपी<br>➢ २ प्रति पासपोर्ट साईजको फोटो<br>➢ यस अघि अनुदान प्राप्त नगरेको कवुलियतनामा। |
| 1.3.5.77परम्परागत बाजा प्रवर्द्धन तथा निमाणका लागि प्रविधि हस्तान्तरण | |
| 1.3.5.88लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि मागमा आधारित प्रविधि हस्तान्तरण(उद्यमीको लगानी साझेदारी) | |
| 1.3.5.89दुना टपरी सम्बन्धी तालिम तथा प्रविधि हस्तान्तरण,महांकाल गांउपालिका | |
| 11.6.9.33गुन्द्रुक उत्पादन तालिम तथा प्रविधी हस्तान्तरण,कोन्ज्योसोम गा.पा -१ | |
| 11.6.9.34आयुर्वेदिक साबुन उत्पादन प्रविधी हस्तान्तरण,ललितपुर म.न.पा | |
| 11.6.9.44दुधबाट बन्ने चकलेट / दुध जन्य पदार्थहरु उत्पादन गर्ने उद्योगलाइ तालिम तथा प्रविधि हस्तान्तरण , कोन्ज्योसोम गा.पा -२ | |
| 11.6.9.45हस्ताकला मूर्ति बनाउने तालिम तथा प्रविधि हस्तान्तरण, गोदावरी -१४ | |

**पुनश्च**

- दरखास्त फारम, व्यवसायीक योजना र कवुलियतनामाको ढाँचा यस कार्यालयको वेबसाइट www.icolalitpur.bagamati.gov.np बाट वा फेसबुक पेज, "उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय ललितपुर बाट डाउनलोड गर्न सकिनेछ।
- म्याद नाघी वा रीत नपुगी पेश भएका निवेदन उपर कुनै कारवाही गरिने छैन।
- उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारी तथा स्थलगत निरीक्षणको आधारमा बागमती प्रदेशको प्रविधि हस्तान्तरण कार्यविधि २०८१ बमोजिम प्रविधि हस्तान्तरण गरिनेछ।
- आवेदन माग भएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।
- थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०१-५५२३४५२, ०१-५५२१५०२ ईमेलः-csiolalitpur@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ।

कार्यालय प्रमुख